# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, वैशाख १०गते २०५८ साल (संख्या २

## भाग ३

श्री ५ को सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०५७ को दफा २० को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा २० को उपदफा (१) बमोजिम असूल भई पर्यटन सेवा शुल्क कोषमा जम्मा भएको रकम नेपाल पर्यटन बोर्डले देहायबमोजिमको पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरूमा समेत खर्च गर्न पाउने गरी यो सूचना प्रकाशन गरेको छ।

१. पर्यटन व्यवसायको सुधार, विकास, विस्तार, प्रचार-प्रसार, प्रवर्द्धन तथा संरक्षण गर्ने, पर्यटन सेवा सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरूको पर्यावरण संरक्षण गर्ने कार्य समेतको सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने।

२. अन्तर्राष्ट्रिय पर्यटन उद्गम बजारहरूमा प्रतिस्पर्धात्मक रूपमा पर्यटन प्रवर्द्धन गरी नेपाललाई विश्वको एक प्रमुख पर्यटन केन्द्रको रुपमा विकसित गर्ने गराउने।

३. पर्यटन जन चेतना तथा आन्तरिक पर्यटन विकासको लागि विभिन्न तहमा प्रचार प्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने।

४. पर्यटन व्यवसायीहरुबाट प्रदान गरिने सेवा तथा सुविधाहरूलाई स्तरीय बनाउने।

आज्ञाले,<br>
वरुणप्रसाद श्रेष्ठ<br>
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।